**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०३ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल, असम, तमिलनाडु, केरलम र पुद्दुचेरी विधानसभा चुनावको मतगणना भोली बिहान 8 बजे देखि शुरू हुनेछ। निर्वाचन आयोगले यसको सबै तैयारी गरेको छ।
- दाजीर्लिङ लोकसभाका 6 विधानसभा सीटहरुमा मतगणनाका लागि जिल्ला प्रशासनले कतिपय निषेधाज्ञाहरु लागू गरेको छ।
- निर्वाचन आयोगले पश्चिम बंगालमा फलता विधानसभा सीटका सबै 285 केन्द्रहरुमा 21 मईमा पुन: मतदानको निर्देश दिएको छ।
- निर्वाचन आयोगले मतगणनाको पारदर्शिता अनि निष्पक्षता सुनिश्चित गर्न कुनै पनि प्रकारको लापरवाही तथा नियमहरुको उल्लंघनलाई सहन नगरिने कड़ा चेतावनी सरकारी कर्मीहरुलाई दिएको छ।
- सरकारले बालबालिकामा हुने मधुमेह सम्बन्धी दिशानिर्देश जारी गरेको छ।
- आज विश्व प्रेस स्वतंत्रता दिवस हो।

**मतगणना**

पश्चिम बंगाल, असम, तमिलनाडु, केरलम र पुद्दुचेरी विधानसभा चुनावको मतगणना भोली बिहान 8 बजे देखि शुरू हुनेछ। निर्वाचन आयोगले यसको सबै तैयारी गरेको छ। पश्चिम बंगालमा मतहरुको गन्ती कड़ा सुरक्षा बीच 77 मतगणना केन्द्रहरुमा गरिनेछ।

*294 मध्ये पश्चिम बंगालका 293 विधानसभा सिटहरुका लागि मतगणना भोलि हुनेछ। मतगणना केन्द्रहरूमा सुरक्षाको तीन-स्तरीय व्यवस्था मिलाइएको छायसमा जिल्ला पुलिस, राज्य पुलिस र केन्द्रीय बलहरू तैनाथ गरी गरिएको छामतगणना स्थलहरूमा केंद्रीय बलको कुल 200 कम्पनी तैनाथ गरिएको छायो सम्पूर्ण प्रक्रिया रिटर्निंग अधिकारीहरु र सहायक रिटर्निंग अधिकारीहरुको नियन्त्रणमा हुनेछायो पहिलो पटक हो जब मतगणना प्रक्रियाको लागि वरिष्ठ आईपीएस अधिकारीहरूलाई पुलिस पर्यवेक्षकको रूपमा नियुक्त गरिएको छ मतगणना प्रक्रियाको प्रबंधन एक टीमले गर्नेछ। यसमा सुपरवाइज़र मतगणना सहायक र माइक्रो-पर्यवेक्षक सामेल हुनेछन्। कोलकाताबाट कल्याण लाहाको रिपोर्टको साथ समाचाकर कक्षबाट अशोक चौरसिया।*

असमका 126, केरलमका 140 र पुद्दुचेरीका 30 सीटका लागि मतदान 9 अप्रैलमा भएको थियो। तमिलनाडुको 234 सीटहरुका लागि 23 अप्रैलमा मतदान भएको थियो। पश्चिम बंगालका 293 विधान सभाको चुनाव दुइ चरणमा २३ अनि २९ अप्रेलको दिन भएको थियो।

**मतगणना दार्जीलिंग**

जीटीए क्षेत्रका तीन तथा सिलगढ़ी तराईका तीन सीटमा कड़ा सुरक्षा बीच भोलि मतगणना गराइनेछ। दार्जीलिंग विधान सभा सीटको मतगणना दार्जीलिंग सरकारी कलेजमा गतगणना गराइने छ भने खरसांग विधान सीटमा मतगणना सन्त अल्फन्सस् स्कूलमा गराइने छ भने कालेबुंगको मतगणना एस.यू.एम.आई स्कूलमा गराइनेछ। मतिगढ़ा नक्सलबाड़ी-सिलगढ़ी अनि फांसीदेवा विधानसभा सीटहरूको मतगणना सिलगढ़ी कलेजमा बिहान ८ बजेदेखि गराइनेछ। मतगणनालाई लिएर सम्बन्धित जिल्ला प्रशासनले निषेधाज्ञा जारी गरेको छ जसमा मतगणना स्थल तर्फ जाने मार्गहरूमा वाहन चलाचललाई सीमित अथवा नियन्त्रित गरिएको छ। मतगणना केन्द्रको एक सय मीटर परिधिमा कठोर निषेधाज्ञा लागू गरिएको छ। पहाड़ तथा सिलगढ़ी तराईको ६ विधानसभा सीटहरूमा चुनाव लड़ने उम्मेद्वारहरूको भोलि भाग्यको फैसला जनताले गर्नेछ। भोलिको मतगणनालाई ध्यानमा राखेर सबै विद्यालयहरूमा विदाको घोषित गरिएको छ।

**फलता पुन: मतदान**

पश्चिम बंगालको दक्षिण 24 परगना जिल्लाको फलता विधानसभा क्षेत्रका सबै 285 मतदान केन्द्रहरूमा 21 मईमा पुन: मतदान हुनेछ। मतगणना 24 मईमा हुनेछ। निर्वाचन आयोगले बताए अनुसार 29 अप्रैलमा भएको मतदानमा गम्भीर गडबड़ी र लोकतान्त्रिक प्रक्रियाको ठूलो मात्रामा उल्लंघन भएपछि यो निर्णय लिएको हो। पर्यवेक्षकहरूले इलेक्ट्रोनिक वोटिंग मशीनहरुसित छेडछाड, मतदाताहरूलाई धम्की र मतदान नियमहरूको उल्लङ्घन जस्ता गम्भीर अनियमितताहरूको सूचना दिईएका छन्।धेरै केन्द्रहरूमाए इलेक्ट्रोनिक वोटिंग मेसिनहरूको बटनमा जानबूझी कालो टेप लगाईएको थियो। अनधिकृत व्यक्तिहरू मतदान केन्द्रहरूमा प्रवेश गरेर अरूको तर्फबाट मतदान गरेको घटनाहरू पनि प्रकाशमा आएका छन्।

**चुवाउ आयोग चेतावनी**

राज्यमा भोलि हुन गइरहेको विधानसभा चुनावको मतगणनालाई लिएर चुनाव आयोगले सरकारी कर्मचारीहरुलाई कड़ा चेतावनी दिएको छ। आयोगले मतगणनाको पारदर्शिता अनि निष्पक्षता सुनिश्चित गर्नकालागि कुनै पनि प्रकारको लापरवाही तथा नियमहरुको उल्लंघनलाई सहन नगरिने स्पष्ट पारेको छ। यदि कुनै कर्मचारीबाट लापरवाही भएको पाएको खण्डमा कर्मचारी विरुद्ध सख्त विभागीय कार्यवाही गरिने तथा कर्मचारीले आफ्नो रोजगार पनि गुमाउन सक्ने आयोगले बताएको छ।

*आयोगका सूत्र अनुसार यस पटक चुनाव प्रक्रियाको शुरुआतदेखि नै कड़ा निगरानी राखिन्दैछ अनि मतगणनाको दिन पनि कुनै प्रकारको लचिलोपन दिइने छैन। हालै दक्षिण 24 परगना जिलाको फलता विधानसभा क्षेत्रमा प्रिसाइडिंग अनि पोलिंग अधिकारीहरुको लापरवाही अघि आएको थियो जसकारण उनीहरु विरुद्ध कार्यवागी गरिने संभावना व्यक्त गरिएको छ। हाल सबै इलेक्ट्रॉनिक वोटिंग मशीन (ईवीएम) कड़ा सुरक्षा बीच स्ट्रॉन्गरूमहरुमा राखिएको छ। मतगणना पूर्ण रुपले सुरक्षा घेरामा गराइनेछ। मतगणनाको लागि राज्यमा 77 केंद्र बनाइएको छ। शांतिपूर्ण तरीकाले मतगणना गराउनका लागि 165 काउंटिंग ऑब्जर्वर तैनात गरिएको छ। यस बाहेक अतिरिक्त ऑब्जर्वर अनि 77 पुलिस ऑब्जर्वर पनि नियुक्त गरिएको छ। सुरक्षाको मध्यनजर धेरै मतगणना केंद्रहरु नजिक दंड प्रक्रिया संहिताको धारा 163 लागू गरिएको छ अनि स्ट्रॉन्गरूमहरुको 200 मीटरको सिमामा पांच तथा ५ भन्दा अधिक मानिसहरु एकत्र हुन माथी प्रतिबंध लगाइएको छ। आयोग अनुसार मतगणना अघि कुनै पनि प्रकारको तनावपूर्ण स्थिति अथवा अवांछित घटनालाई रोक्नको लागि यो कदम उठाइएको हा।*

**गोजमुमो साङ्गठनिक सभा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समिति अध्यक्ष मन घिसिङको अध्यक्षतामा आज केन्द्रीय कार्यलयमा साङ्गठनिक सभा सम्पन्न भयो यसको जानकारी पार्टीका मिडिया सेल प्रभारी दिनेस साम्पाङले दिएका छन् दार्जीलिङ, खर्साङ, कालेबुङ अनि मिरिक ब्राञ्च कमिटीका प्रतिनिधिवर्ग, भ्रातृ संगठनका प्रतिनिधिवर्ग साथै समष्टिका प्रतिनिधिवर्ग यसमा सामेल थिए। पार्टी अध्यक्ष मन घिसिङले पार्टीको भावी रणनीति साथै संगठन बिस्तार अनि वर्तमान राजनैतिक परिवेश माथी आफ्नो बिचार राख्नुभयो।

**सरन देवान निष्कासित**

गोर्खा जनमुक्ति मोर्चा (गोजमुमो) को केन्द्रीय समितिले एक खरसाङ सब डिभीजनका संगठन सचिव रहेका सरन देवानलाई गम्भीर पार्टी-विरोधी गतिविधि तथा अनुशासन उल्लङ्घन गरेको आरोपमा पार्टीबाट निष्कासित गरेको छ। पार्टीका केन्द्रीय कार्यालय सचिव दिपेन देवानले उक्त विषयको जानकारी दिँदै यस्ता गतिविधिहरूले पार्टीको एकता, विश्वसनीयता र विचारधारा माथि सोझो आघात पुर्‍याउने भएकाले यसप्रति कुनै पनि हालतमा सहनशीलता देखाइन छैन भनी बताएका छन्। यस निर्णयका साथ सरन देवानलाई साधारण सदस्यताबाट पनि पूर्ण रूपमा हटाइएको छ।

**लङभ्यू चिया बगान**

लङभ्यू चिया बगानका श्रमिकहरूद्वारा आफ्नो हक-अधिकारको माग गर्दै सुरु गरिएको रिले अनशनले आज 10 औँ दिन पुरा गरेको छ। गत 10 मार्चका दिन कलकत्तामा सम्पन्न भएको त्रिपक्षीय सम्झौता अनुसार श्रमिकहरूले पाउनुपर्ने PF,

ग्र्याच्युटी र अन्य बकाया राशिहरू अझै प्राप्त नभएको भन्दै उनीहरू आक्रोशित बनेका छन्। श्रमिकहरूले जबसम्म सम्झौता अनुसारको सम्पूर्ण बक्यौता राशि भुक्तानी हुँदैन, तबसम्म अनशन जारी रहनेछ भनि आफ्नो अडान स्पष्ट पारेका छन्।

**मल्ली सड़क दुर्घटना**

राष्ट्रीय राजमार्ग 10 मा एउटा वाहन दुर्घटना हुँदा तीन जना घाईते भएका छन्।घाईतेहरुलाई उपचारको निम्ति स्थानीय अस्पतालमा पुराईएको छ भने एकजना गम्भीर रुपमा घाईते महिलालाई सिलगडी अस्पताल लगिएको थाहा लागेको छ। मल्ली पुलिसले जानकारी दिए अनुसार जोरथाङ देखि गान्तोक जाँदै गर्दा बाङगेमा सो दुर्घटना भएको हो। चारचक्के वाहन अनियन्त्रित भएर भीरमुनि खस्दा दुर्घटना भएको पुलिसले बताएको छ।

**हिट एण्ड रन शंकर छेत्री**

हिट एण्ड रन घटनामा ज्यान गुमाएका शंकर छेत्रीको न्यायको माग गर्दै परिवार, आफन्त तथा गाउँ समाजले पानीट्यांकी क्षेत्रमा विशाल रर्याली निकालेका छन्। रर्यालीमा सहभागीहरूले दोषीलाई शीघ्र पक्राउ गरी कडा कारबाही गर्न माग गर्दै हामी पछि हटेका छैनौं भन्ने सशक्त सन्देश दिएका छन्।

**बिजय लामा हत्या**

दार्जीलिंगको बदामताम निवासी बिजय लामाको हत्याको आरोपमा दुई व्यक्ति पक्राउ गरिएको जानकारी जे एम कोर्ट दार्जीलिङका पब्लिक प्रोसेक्युटर अचिन्तिय बाग्छिले दिएका छन। गत 30 अप्रेलको दिन बदामताम निवासी विजय राईको अन्य तीन जना आरोपीहरुसित झडप हुँदा घटना स्थलमै मृत्यु भएको थियो भने यस विरुद्धमा एक मईको दिन एफ आइ आर दर्ता गरी पुलिसले जाँच शुरु गरेको थियो।

**नानीहरुमा मधुमेह सम्बन्धी दिशानिर्देश**

सरकारले बालबालिकामा हुने मधुमेह सम्बन्धी दिशानिर्देश जारी गरेको छ। यी दिशानिर्देश हालै सम्पन्न सार्वजनिक स्वास्थ्य सेवा वितरणसित सम्बन्धीत एक राष्ट्रिय शिखर सम्मेलनमा जारी गरिएको छ। स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भनेको छ यो दिशानिर्देशले पहिलो पटक बाल्यकालको मधुमेहको जांच, निदान, उपचार र दीर्घकालीन प्रबंधनको लागि एक मानकीकृत राष्ट्रिय रूपरेखा उपलब्ध गराउँदछ। मन्त्रालयले भनेको छ यस पहलले, भारत नानीहरुमा मधुमेह हेरचाहलाई सार्वजनिक स्वास्थ्य प्रणालीमा एकीकृत गर्ने देशहरूको समूहमा सामेल भएको

**स्वास्थ्य – आरबीएसके**

स्वास्थ्य एवं परिवार कल्याण मन्त्रालयले हालै राष्ट्रीय बाल स्वास्थ्य कार्यक्रमको दोस्रो चरणको दिशानिर्देश जारी गरेको छ। यसमा गैरसंक्रामक रोगहरू, मानसिक स्वास्थ्य स्थितिहरू अनि व्यवहार सम्बन्धी चिन्ताहरू सहित आधुनिक स्वास्थ्य चुनौतीहरूलाई सामेल गरिएको छ। यसमा जन्म देखि लिएर 18 वर्षको उमेर सम्मका नानीहरूको स्वास्थ्य माथि ध्यान केन्द्रित गर्दै अधिक व्यापक अनि जीवनचक्र आधारित दृष्टिकोण अपनाएको छ। स्वास्थ्य मन्त्रालयले भनेको छ दिशानिर्देशहरू जारी गरिनु प्रत्येक नानीहरूको निम्ति सुलभ, समान अनि गुणवत्तापूर्ण स्वास्थ्य सेवाहरू सुनिश्चित गर्नको निम्ति सरकारको प्रतिबद्धतालाई दर्साउछ।

**विश्व प्रेस स्वतंत्रता दिवस**

आज विश्व प्रेस स्वतंत्रता दिवस हो। यो प्रेसको स्वतंत्रता पहलहरुलाई प्रोत्साहित गर्ने र विकसित गर्न तथा विश्व स्तरमा प्रेसको स्वतंत्रताको स्थितिलाई आकलन गर्ने अवसर हो। यस वर्ष विश्व प्रेस स्वतन्त्रता दिवसको विषय शान्तिपूर्ण भविष्यको निर्माण रहेको छ।

*विश्व प्रेस स्वतन्त्रता दिवस अभिव्यक्तिको स्वतन्त्रतालाई पुष्टि गर्ने र पत्रकारिता, आर्टिफिशियल इंटेलिजेंस लगायत प्रौद्योगिकी तथा मानवाधिकार कार्यकर्ताहरूलाई भविष्यको लागि सूचना प्रणालीलाई सुदृढ पार्न व्यावहारिक तरिकाहरूमा एकजुट गर्ने एक महत्त्वपूर्ण अवसर प्रदान गर्दछ। विश्व प्रेस स्वतन्त्रता दिवसको घोषणा राष्ट्र संघ महासभाले 1993 मा युनेस्कोको 1991 मा 26 औं महासभा सम्मेलनमा पारित सिफारिसपछि गरेको थियो। यो प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्तहरूलाई मान्यता दिने र विश्वव्यापी रूपमा प्रेस स्वतन्त्रताको मूल्याङ्कन गर्ने अवसर हो।यो दिन प्रेस स्वतन्त्रता र स्वायत्तताको लागि महत्त्वपूर्ण छ। यसले सरकारहरूलाई प्रेस स्वतन्त्रता प्रति प्रतिबद्धताको सम्मान गर्न स्मरण गराउँद र मिडिया पेशेवरहरूका लागि प्रेस स्वतन्त्रता र पेशेवर नैतिकताका मुद्दाहरूमा चिन्तन गर्ने दिन पनि हो।*

## नीट यूजी

स्नातक चिकित्सा शिक्षामा प्रवेशका लागि राष्ट्रीय पात्रता सह प्रवेश परीक्षा-नीट यूजी आज आयोजित गरियो। परीक्षा 2 बजे शुरू भएर साँझ 5 बजे समाप्त भयो। राष्ट्रीय परीक्षा एजेंसी, एनटीएले यस र्वष 22 लाख नवासी हजार भन्दा अधिक परीक्षार्थीहरुले परीक्षामा भाग लिएको बताएको छ। एनटीएले वर्ष 2019 देखि नीट यूजी परीक्षाको आयोजन गरिरहेको छ।

## मौसम

दक्षिण बंगालमा फेरि एक पटक आँधीबेहरी र वर्षा हुने अनुमान गरिएको छ। मौसम विभागले आगामी 48 घण्टाको लागि काल बैशाखीको लागि चेतावनी जारी गरेको छ।हिजो साँझदेखि धेरै जिल्लाहरूमा मेघगर्जन, चट्याङ र तेज हावाहुरी सहित भारी वर्षा भइरहेको छ र प्रभाव अझ बढ्ने अनुमान गरिएको छ।यसैबीच, उत्तर बंगालमा भारी वर्षाको चेतावनी जारी गरिएको छ। दार्जिलिङ, कालिम्पोङ, जलपाईगुडी, अलिपुरद्वार र कुचबिहारका केही क्षेत्रहरुमा 70 देखि 110 मिलीमीटर वर्षा हुने सम्भावना छ।

**********